लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही

# बिज्ञापन कर सम्वन्धी बोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७६/०८/०६

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दररेटमा चालु आ.व.२०७६/०७७ देखी आ.ब.२०७८/०७९ सम्म(३ वर्ष)का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्महरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर, तथा आ.व.२०७५/०७६ को करचुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)औं दिन भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्र १६(सोह्र)औं दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन यस नगरपालिकाको मिति २०७६/०८/०३ गतेको निर्णय अनुसार सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.सि.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ३ | होर्डिङ्ग बोर्ड एवं विज्ञापन सम्बन्धी | लालबन्दी नगरपालिका क्षेत्र | १०,००,०००।०० | १०००।- | |

**शर्तहरू**

१. ठेक्का अवधि चालु आ.व.२०७६/०७७ देखी आ.ब.२०७८/०७९ को आषाढ मसान्त सम्म(३ वर्ष)का लागि हुनेछ ।

२. आफुले कवोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित **धरौटी खाता नम्बर १२८०३०३००७१०२** मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्रदाता स्वयंले ब्यहोर्नुपर्ने छ ।

५. स्वीकृत बोलपत्र दाताले कवोल गरेको कुल रकमलाई ३ आ.ब.को लागी ३ किस्तामा विभाजन गरिनेछ । प्रथम किस्ता (आ.ब.०७६।०७७) बापतको रकम बोलपत्र स्विकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **मुल संचित खाता नम्बर १२८०३०४०१८१०२** मा एकमुष्ट रकम जम्मा गर्नु पर्नेछ । सो को आधारमा सम्झौता गरि कार्यदेश दिईनेछ । दोस्रो र तेस्रो किस्ता बापतको रकममा क्रमशः १० प्रतिशतका दरले बृद्धि हुदैं जानेछ र प्रत्येक आ.ब.को श्रावण मसान्त भित्र एकमुष्ट नगद रकम जम्मा गरि कार्यदेश लिईसक्नु पर्नेछ । उक्त एकमुष्ट नगद रकम जम्मा गरि कार्यदेश लिन नसकेमा बोलपत्र दाताको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

६. जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर, ई-मेल आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन । साथै बोलपत्र दाताको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

७. माथि उल्लेख भएको ठेक्कामा पर्न आएको बोलपत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट बोलपत्र फाराम खरिद गरी १६औं दिनको मध्यान्ह १२:०० वजे भित्र दर्ता गराउनु पर्नेछ र सोही दिनको ०२:००वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयको टेलिफोन नं. ०४६५०१३३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**